अनुसूची — ५

( दफा ४ तथा अनुसूची -१ को भाग — २ संग सम्बन्धित )


बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग - २

खण्ड:- १०  संख्या:- ०१  प्रमाणिकरण मिति:- २०८३/०५/२६

राजपत्रमा प्रकाशित मिति:- २०८३/०६/०२


## बारबर्दिया नगरपालिका, उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि २०८३

**पृष्ठभूमि:-**

कृषकहरुलाई उनिहरुले उत्पादन गरेको कृषि तथा पशु पशुजन्य पदार्थ विक्री गर्न उत्प्रेरित गर्ने साथै उत्पादन र विक्रिको आधारमा आर्थिक सहयोग गर्दै कृषि तथा पशुपालन पेशामा आकर्षण बढाउने उद्देश्यले संस्थागत रुपमा कृषि तथा पशुजन्य उपज विक्रि गर्ने कृषक/कृषि फर्म/कृषक समुह/सहकारी संस्थाहरुलाई संगठित वजारमा गुणस्तरिय कृषि तथा पशु उपजहरुको उत्पादन र विक्रिको आधारमा अनुदान उपलव्ध गराउनका लागि बारबर्दिया नगरपालिकाले वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा संचालन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐनको दफा ११ उप दफा २ को खण्ड ण लाई कार्यन्वयन गर्न बारबर्दिया नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ को दफा ८ को उपदफा २ बमोजिम यो कार्यविधि तयार गरी लागू गरेको छ ।

नगर प्रमुख

CamScanner

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि २०८३" रहेकोछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :-

क)"अनुदान" भन्नाले प्रोत्साहन स्वरुप उत्पादन र विक्रि परिमाणको आधारमा प्रदान गरिने रकम लाई सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ग) "कार्यक्रम" भन्नाले उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमलाई सम्झनु पर्दछ ।

घ) "कार्यविधि" भन्नाले बारर्दिया नगरपालिका उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान संचालन तथा कार्यान्वयन कार्यविधि २०८३ लाई सम्झंनु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) "साझेदार:" भन्नाले स्थानिय तहको सहकार्यमा उत्पादन र विक्रि प्रवर्धन अनुदान कार्यक्रम सञ्चालन गर्ने कृषक, कृषि र पशुपालन फर्म/कृषक समूह/सहकारी संस्थालाई सम्झनु पर्दछ ।

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछन् :-

क) साना किसानहरु मार्फत उत्पादित कृषि तथा पशुजन्य उपजहरुको संगठित बजार प्रवर्धन र विक्रि गर्ने ।

ख) उत्पादन र विक्रिमा आधारित अनुदानको माध्यमबाट साना किसानहरुको कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

ग) सानाकिसानहरुको मनोबल उच्च राखी कृषि तथा पशुपालनमा व्यवसायिकता र उद्यमशिलता वृद्धि गर्ने ।

नगर प्रमुख

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया तथा छनौटको मापदण्ड

**४. कार्यक्रम सञ्चालन प्रक्रियाः** कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछन्ः-

क) उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम वा योजनाको नगरसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) अनुसूची-६ अनुसारका बालि तथा पशुवस्तु विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी संस्था/कृषक समूह/कृषकहरुलाई लक्षित गरि अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

ग) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

घ) पेश भई आएका प्रस्तावनाहरुलाई प्रस्तावना छनौट समिति वा कार्यदलले स्थलगत अनुगमन समेत गरि प्रस्तावनाहरुको मूल्यांकन गर्नु पर्नेछ ।

ङ) कार्यक्रममा आवद्ध हुन चाहने कृषि फर्म/कृषक समूह/सहकारी तथा आवद्ध सदस्यहरुले पशुवस्तुको विमा गरेको हुनु पर्ने छ ।

च) वार्षिक कार्यक्रममा आवद्ध हुन चाहने कृषक/कृषि फर्म/कृषक समूह/सहकारीले प्रस्तावित बालि तथा पशुवस्तुको विक्रि प्रत्येक वर्ष ५ प्रतिशतले वृद्धि गर्नु पर्नेछ । विक्रि वृद्धि नगरेका आवेदकलाई अनुदान उपलब्ध गराइने छैन् । पहिलो पटकको हकमा अनुसूची-४ बमोजिमको परिमाण उत्पादन र विक्रि गर्ने सबैलाई प्रदान गरिने छ ।

**५. छनौटको मापदण्डः** उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको प्रस्तावना छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन्ः-

क) अनुदान कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत बर्षको लेखापरीक्षण प्रतिवेदन, विधान (विधान हुनेको हकमा), नीति नियम को प्रतिलिपि प्रस्तावना साथ पेश गरेको हुनु पर्नेछ ।

ख) सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनु पर्नेछ ।

ग) अनुदान रकम चालु आ. व. को श्रावण १ देखि जेष्ठ मसान्त सम्मको उत्पादन र विक्रिको आधारमा प्रदान गर्नु पर्नेछ ।

नगर प्रमुख

CamScanner

नगर प्रमुख

घ) कृषक/कृषि फर्म/कृषक समूह/सहकारी तथा आवद्ध सदस्यहरुले आफै उत्पादन गरि बिक्रि गरेको हुनु पर्नेछ ।

ङ) उत्पादन र बिक्रि गर्ने वालि तथा पशुवस्तुको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ ।

च) कार्यक्रममा सहभागि हुनका लागि वार्षिक रुपमा बिक्रि गर्ने वालि तथा वस्तुहरुको न्यूनतम परिमाण अनुसूची ४ मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

६. अनुदान रकमको मापदण्डः

६.१ बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको अनुदान रकमको मापदण्ड देहाय बमोजिम हुनेछन्:-

क) जिउदो खसि, बोका र बाखाको हकमा बढिमा प्रति के. जी. रु. १५। सम्म उपलव्ध गराइने छ ।

ख) जिउदो बंगुरको हकमा बढिमा प्रति के. जी. रु. १५। सम्म उपलव्ध गराइने छ ।

ग) जिउदो लोकल कुखुराको हकमा बढिमा प्रति के. जी. रु. १५। सम्म उपलव्ध गराइने छ ।

घ) माछाको हकमा बढिमा प्रति के. जी. रु. १५। सम्म उपलव्ध गराइने छ ।

ङ) दुधको हकमा बढिमा प्रति लिटर रु. २। सम्म उपलव्ध गराइने छ ।

च) उल्लेखित अनुदान रकमको दररेट बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको वार्षिक स्वीकृत वजेटको आधारमा सोही वर्षका लागि के कति प्रदान गर्ने भन्ने नगरकार्यपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

६.२ उत्पादन प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको अनुदान रकमको मापदण्ड देहाय बमोजिम हुनेछन्:-

क) विउ बीजन, वाली संरक्षण, सुक्ष्म तत्व र जैविक बिषादीमा अनुदान उपलव्ध गराइने छ ।

ख) व्यक्तिगत कृषकको हकमा ३ देखि ९ कठ्ठा सम्म आलु खेती गर्नु पर्नेछ ।

ग) समूहको हकमा १० देखि १९ कठ्ठामा आलु खेती गर्नु पर्नेछ ।

घ) सहकारी संस्थाको हकमा २० देखि ६० कठ्ठामा आलु खेती गर्नु पर्नेछ ।

नगर प्रमुख

ङ) आलु खेतीको हकमा बढिमा प्रति कठ्ठा रु. ३००० सम्म उपलब्ध गराइने छ । यसरी अनुदान उपलब्ध गराउँदा अनुदानग्राहीले कम्तीमा उत्पादनको ८० प्रतिशत आलु नगरपालिकाले तोकेको कोल्ड स्टोरमा भण्डारण गरेको प्रमाणको आधारमा उपलब्ध गराइनेछ ।

च) माथी ख, ग र घ मा जुनसुकै कुरा उल्लेख गरएिको भए पनि तोकिएको क्षेत्रफल भन्दा बढी खेती गरेता पनि नगरपालकिाको कार्यालयले रकम भुक्तानी गर्दा व्यक्तिगत कृषकको हकमा ३ देखि अधिकतम ९ कठ्ठा सम्म , समूहको हकमा ११ देखि अधिकतम १९ कठ्ठा सम्म र सहकारी संस्थाको हकमा २० देखि अधिकतम ६० कठ्ठा सम्मको गनेछ ।

## परिच्छेद-३

## कार्यक्रम व्यवस्थापन

७. विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

क) बारबर्दिया नगरपालिका प्रमुख-संयोजक

ख) बारबर्दिया नगरपालिकाको उप प्रमुख- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) आर्थिक विकास समिति संयोजक - सदस्य

ङ) कृषि विकास शाखा प्रमुख- सदस्य

च) योजना शाखा प्रमुख - सदस्य

छ) पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

८. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

क) अनुदान कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) अनुदान कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

नगर प्रमुख

CamScanner

घ) उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

९. विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मूल्यांकन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको अनुदान कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछः-

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) कृषि विकास शाखा प्रमुख- सदस्य

ग) पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

१०.प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः प्रस्तावना छनौट समितिले नगरपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

११.सम्झौताः उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५, बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१२.भुक्तानीः उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको भुक्तानी देहाय बमोजिम हुनेछः-

क. सम्झौता भए पश्चात् अनुदान ग्राहीहरुलाई तोकिए बमोजिम रकम बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ ।

ख. दफा १२.क) बमोजिम प्राप्त रकम कृषक/कृषि फर्म/कृषक समूह/सहकारी संस्थाले आवद्ध सदस्यहरुलाई वितरण गरि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा फर्छ्यौट गर्नु पर्नेछ ।

१३.प्रतिवेदनः विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-७ बमोजिमको ढाँचामा कार्य सम्पन्न भए पश्चात पेश गर्नुपर्नेछ ।

नगर प्रमुख

CamScanner

१४.अनुगमन तथा मूल्यांकन : उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको अनुगमन तथा मूल्यांकन आवश्यकता अनुसार वडा कार्यालय र कार्यक्रम अनुगमन तथा समन्वय समिति मार्फत गरिने छ ।

परिच्छेद-५

विविध

१५.लेखापरीक्षण : उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात वा कार्यक्रम सम्पन्न भए पश्चात प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नु पर्नेछ ।

१६.समन्वयः उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका निकायहरु तथा सरोकारवालाहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

१९.पारदर्शिताः उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको आम्दानी खर्च कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२०.संशोधन तथा हेरफेरः यस कार्यविधीको कार्यान्वियनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२१.बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः नगर कार्यपालिकाले यस कार्यविधिमा व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२२.प्रचलित कानुन लागु हुनेः साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

२३.विविधः उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको कार्यान्वयन नगरपालिकाले आफै स्वयं कार्यान्वयन गर्ने हकमा यसै कार्यविधि बमोजिम र अन्य निकाय सँगको साझेदारीमा साझेदार निकायले कार्यान्वयन गर्ने हकमा यस कार्यविधिको अधिनमा रहि निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

अनुसूची-१

(दफा-४ को खण्ड (ख) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, जयनगर,बर्दिया

लुम्बिनी प्रदेश

उत्पादन र बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक कृषक /कृषि फर्म/कृषक समूह/सहकारी संस्थाका लागि प्रस्तावना आह्वानको ढाँचा

सूचना प्रकाशित मिति : ...............

बारबर्दिया नगरपालिका को चालु आ. व. ........... का लागि स्वीकृत ...................... तर्फका उत्पादन र बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रममा (खसि/बोका/बाख्रा/बंगुर/लोकल कुखुरा/माछा/दुध/आलु/तरकारी र मसला वाली) सहभागि हुन इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/सहकारी संस्थाहरुद्वारा तोकिएको शर्तको अधिनमा रहि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नुहुन यसै सूचना द्वारा जानकारी गराइन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) नगरपालिकाको कार्यालय वा वेवसाइट www.barbardiyamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

कार्यक्रमको विवरण:

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा-४ को खण्ड (ग) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर,बर्दिया

लुम्बिनी प्रदेश

उत्पादन र बिकि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक कृषक / कृषि फर्म/कृषक समूह/सहकारी संस्थाका लागि आवेदन पत्रको ढाँचा

मिति: ..................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारबर्दिया नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, जयनगर बर्दिया
लुम्बिनी प्रदेश, नेपाल ।

विषय: प्रस्तावना पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस बारबर्दिया नगरपालिका आ.व...........।........... को स्वीकृत कार्यक्रम अनुसार ........................................ उद्देश्यका लागि "................... उत्पादन र बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम" मा सहभागिताका लागि यस ....................................... संस्थाले तपसिल बमोजिमका कागजातहरु सहित प्राविधिक प्रस्तावना पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

संलग्न कागजातहरु

क. कार्यक्रमको प्रस्तावना

ख. सम्बन्धित संस्थाको कागजातहरु

१.संस्था दर्ता, नवीकरण प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२. आ.व. ........... को लेखापरिक्षणको प्रतिवेदन प्रतिलिपी १ प्रति

३. स्थायी लेखा नम्बर तथा आ.व.................... को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपी १/१ प्रति

४.संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, अनुभव पत्रहरुको प्रतिलिपी १/१ प्रति

५. संस्था मार्फत सदस्यहरुले उत्पादन विक्रि गरेको रेकर्ड, बिक्रि बिल, बैंक स्टेटमेन्टको प्रतिलिपी १/१प्रति

६. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

७. सहकारी संस्थाको हकमा वार्षिक साधारण सभा र गत वर्षको प्रतिवेदनको प्रतिलिपी १ प्रति

नगर प्रमुख

CS CamScanner

अनुसूची ३

(दफा-४, को खण्ड (ग) सँग सम्बन्धित)

बारबर्दियाा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर,बर्दिया

लुम्बिनी प्रदेश

उत्पादन र बिक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संञ्चालन गर्न इच्छुक कृषक /कृषि फर्म/कृषक समूह/सहकारी संस्थाका लागि प्रस्तावना पत्रको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| सहकारी संस्था, समूह वा कृषकको नाम: | |
| ठेगाना: | |
| फोन नं.: | |
| संस्थाको अध्यक्षको नाम: | |
| अध्यक्षको फोन नं.: | |
| आवेदकको नाम: | |
| आवेदकको फोन नं.: | |
| संस्था दर्ता नं. र मिति: | |
| संस्था दर्ता भएको कार्यालय: | |

२. सहकारी संस्थाको किसिम: क) उत्पादनमुलक ख) उपभोक्ता ग) वहुउद्देश्यीय घ) अन्य ..................

३. कृषक /कृषि फर्म/कृषक समूह/सहकारीको सदस्य संख्या:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. कार्यक्रमबाट लाभान्वित क्षेत्र, घरधुरी र जनसंख्या विवरण:

६. आवेदकको पूँजीको विवरण (संस्थागतको हकमा मात्र):

क) शेयर पूँजी:

ख) जगेडा कोष:

ग) अन्य कोष:

७.कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक पुर्वाधार विवरण:

नगर प्रमुख

८. कार्यक्रम सञ्चालनका लागि आवश्यक दक्ष जनशक्ति विवरण:

| क्र.सं. | जनशक्तिको नाम | पद | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९.कार्यक्रमको आवश्यकता र औचित्य

१०.कार्यान्वयन विधि:

११. क्रियाकलाप

१२. वार्षिक विक्रि विवरण

| क्र.सं. | महिना | वाखा (के.जी.) | सूंगुर/बंगुर (के.जी.) | लोकल कुखुरा (के.जी.) | माछा (के.जी.) | दूध (लिटर) | आलु, तरकारी (के.जी.) | प्याज, लसुन, मसला बाली (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | साउन | | | | | | | |
| २ | भदौ | | | | | | | |
| ३ | असोज | | | | | | | |
| ४ | कार्तिक | | | | | | | |
| ५ | मंसिर | | | | | | | |
| ६ | पुस | | | | | | | |
| ७ | माघ | | | | | | | |
| ८ | फागुन | | | | | | | |
| ९ | चैत | | | | | | | |
| १० | वैशाख | | | | | | | |
| ११ | जेठ | | | | | | | |
| १२ | असार | | | | | | | |

नगर प्रमुख

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | कुल बिक्री | | | | | | | |
| १४ | बिक्री आधारमा प्राप्त रकम | | | | | | | |
| १५ | सदस्य संख्या | | | | | | | |

नोटः सदस्यहरुको नामावली सहितको विक्रिको विस्तृत रेकर्ड यसै प्रस्तावनाको साथ छुट्टै पेजमा संलग्न गर्नु पर्नेछ ।

१३. कार्यक्रमको अनुमानित लागत विवरणः

क) अनुदान वितरण रकमः

ख) व्यवस्थापन खर्चः

ग) जम्मा लागतः

१४. कार्यक्रमको प्रतिवेदन

१५. कार्यक्रम कसरी पारदर्शि बनाउने

१६. कार्यक्रमको अनुगमन कसले कसरी गर्ने

नगर प्रमुख

CamScanner

अनुसूची-४

(दफा-५ को खण्ड (च) सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश

उत्पादन र बिक्रि प्रवर्धनमा आधारित अनुदान प्राप्त गर्ने बाली तथा पशुवस्तुहरुको वार्षिक न्यूनतम विक्रि परिमाण

| क्र.सं. | बाली तथा पशुवस्तु विवरण | वार्षिक न्यूनतम विक्रि परिमाण (संस्थागत-समुह, सहकारी र प्राईभेट फर्म आदि) | | प्रति सदस्य न्युनतम विक्रि परिमाण | |
|---|---|---|---|---|---|
| | | संख्या/कठ्ठा | के.जी./लिटर | संख्या/कठ्ठा | के.जी./लिटर |
| १. | जिउदो खसि, बोका र बाखा | ५० | १२५० | ३ | ७५ |
| २. | दुध वार्षिक | - | - | (लिटर) | २००० |
| ३. | आलु र तरकारी | १० देखि १९ (समूह) २० देखि ६० (सहकारी) | उत्पादनको ८० प्रतिशत | ३ देखि ९ | उत्पादनको ८० प्रतिशत |
| ४. | प्याज, लसुन र मसला वाली | १० देखि १९ (समूह) २० देखि ६० (सहकारी) | उत्पादनको ८० प्रतिशत | ३ देखि ९ | उत्पादनको ८० प्रतिशत |

नोटः

क) वार्षिक न्यूनतम विक्रि परिमाण सहकारी वा प्रति सदस्य मध्ये कुन कार्यान्वयन गर्ने भन्ने नगरपालिकाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

ख) प्रति सदस्य न्युनतम विक्रि परिमाणः कम्तीमा ३ वटा खसी बोका वा ७५ के.जी.वार्षिक सहकारी संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

ग) प्रति सदस्य न्युनतम विक्रि परिमाणः कम्तीमा २००० लिटर वार्षिक संस्थागत समुह, सहकारी र प्राईभेट फर्म संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ ।

घ) वार्षिक न्यूनतम विक्रि परिमांण (संस्थागत-समुह, सहकारी आदि): कम्तीमा ५० वटा खसी बोका वा १२५० के.जी.वार्षिक १ देखि २ वटाका दरले किसानबाट खरिद गरी सहकारी संस्था मार्फत बिक्री गरेको हुनुपर्नेछ

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-५

(दफा-१२ सँग सम्बन्धित)

बाँरबर्दिया नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश

## उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक कृषक/ कृषि फर्म/कृषक समूह/सहकारी संस्थाका बीचको सम्झौता पत्रको ढाँचा

बारबर्दिया नगरपालिका, जयनगर, बर्दिया (यस पछि प्रथम पक्ष भनिने.................................................................................................................................(यस पछि दोस्रो पक्ष भनिने) बिच विक्रि प्रवर्धनको आधारमा अनुदान कार्यक्रम (बाख्रा/दुध/कुखुरा/तरकारी/बंगुर/माछा)मा तपसिलका सर्तहरु पालन गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिल:

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु.................(अक्षरुपी रु. ......................................) काम सम्पन्न भए पश्चात दोस्रो पक्षको बैंक खातामा एकमुष्ट जम्मा गरिदिनेछ ।

२. दोस्रो पक्षले आवद्ध भएका सदस्य कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका सदस्यहरुलाई अनुदान रकम वितरण गर्नेछ ।

३. अनुदान प्राप्त रकम दोस्रो पक्षले हालको विक्रि परिमाणको आधारमा सदस्यहरुलाई एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

४. दोस्रो पक्षले प्राप्त अनुदानमा संचालन खर्च कटाउन पाउने छैन ।

५. दोस्रो पक्षले काम सम्पन्न गरि सके पश्चात प्रगति प्रतिवेदन, बिल र भरपाई पेश गर्नु पर्नेछ ।

६. दोस्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानुन बमोजिम अनुदान रकम असुल उपर गर्न सक्नेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

उल्लेखित सर्तहरु पालना गर्न गराउन मंजुर भई यो सम्झौता पत्रमा दस्तखत गर्दछौं ।

**दोस्रो पक्षको तर्फबाट**

दस्तखत:

नाम :

पद :

संस्था:

**प्रथम पक्षको तर्फबाट**

दस्तखत :

नाम :

पद:

कार्यालय:

नगर प्रमुख

<u>रोहवर</u>

दस्तखत :

नाम :

पद :

संस्था :

दस्तखत :

नाम :

पद :

कार्यालय :

इति सम्वत..................साल................महिना....................गते रोज..............शुभम् ।

नोट : द्विपक्षीय सम्झौता हुँदाका बखत माथिका बुँदाहरुमा थपघट गर्न सकिनेछ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

अनुसूची-६

(दफा-४ को खण्ड (ख) सँग सम्वन्धित)

बारबर्दिया नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान उपलब्ध हुने बालि तथा पशुवस्तुहरुको विवरण

क) जिउदो खसि, बोका र बाख्रा

ख) दुध

ग) आलु, तरकारी र फलफुल

घ) प्याज, लसुन, बेसार, अदुवा र मसला बाली

नोटः नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमको आधारमा नगरकार्यपालिकाले बाली तथा पशुवस्तुहरु थपघट गर्न सक्नेछ ।

नगर प्रमुख

बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

अनुसूची-७

(दफा-१४ सँग सम्बन्धित)

बारबर्दिया नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, जयनगर,बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

उत्पादन र विक्रि प्रवर्धनमा आधारित अनुदान कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा

१. परिचयात्मक विवरण

| | |
|---|---|
| सहकारी संस्था, समूह वा उद्यमीको नाम: | |
| ठेगाना: | |
| फोन नं.: | |
| संस्थाको अध्यक्षको नाम: | |
| अध्यक्षको फोन नं.: | |

२. कार्यक्रमको नाम:

३. कार्यक्रमबाट लाभान्वित क्षेत्र, घरधुरी र जनसंख्या विवरण:

४. कार्यान्वयन विधि:

५. क्रियाकलाप

६. अनुदान प्राप्त विवरण

| क्र.सं. | विवरण | बाखा (के.जी.) | सूंगुर/बंगुर (के.जी.) | लोकल कुखुरा (के.जी.) | माछा (के.जी.) | दूध (लिटर) | आलु, तरकारी (के.जी.) | प्याँज, लसुन, मसला बाली (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | | | | | | | |
| २ | वितरण गरेको रकम | | | | | | | |

नोट: वालि तथा पशुवस्तु अनुसार अनुदान प्राप्त गर्ने सदस्यहरुको नामावली, वार्षिक विक्रि परिमाण, अनुदान रकम र हस्ताक्षर संहितको विस्तृत रेकर्ड यसै प्रतिवेदनको साथ छुट्टै पेजमा संलग्न गर्नु पर्नेछ ।

७. कार्यक्रमको खर्च विवरण:

क) अनुदान वितरण रकम:

नगर प्रमुख

बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय जयनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

CamScanner

ख) व्यवस्थापन खर्चः

ग) जम्मा खर्च :

८. कार्यक्रम पारदर्शि बनाउन के गरियो ?

९. कार्यक्रमको अनुगमन कसले कसरी भयो ?

आज्ञाले:-

गौतम भण्डारी

प्रमुख प्रशासकीय अधिकृत